भारतीय राजदूतावास
काठमाडौं
***

## प्रेस विज्ञप्ति

## ७६ औं भारतीय सेना दिवस

७६ औं भारतीय सेना दिवसको अवसरमा काठमाडौंस्थित भारतीय राजदूतावासको रक्षा प्रभागले मिति २०८० माघ २२ गते एक भोजको आयोजना गर्यो । सन् १९४९ जनवरी १५ तारिखका दिन लेफ्टिनेन्ट जनरल (पछि फिल्ड मार्शल) के.एम. करियप्पाले पहिलो भारतीय कमाण्डर इन चिफको रुपमा भारतीय सेनाको कमाण्ड सम्हालेको सम्मानमा प्रत्येक वर्ष भारतीय सेना दिवस मनाइन्छ । नेपालका प्रधान सेनापति तथा भारतीय सेनाका मानार्थ महारथी, प्रसिद्ध प्रबल जनसेवा श्रीबाट विभुषित श्री प्रभुराम शर्मा सो समारोहको प्रमुख अतिथिको रुपमा हुनुहुन्थ्यो । समारोहमा नेपालका पूर्व सेना प्रमुख, बहालवाला एवम् सेवानिवृत्त सेना अधिकृत, कुटनैतिक वृत्तका अधिकारी, नेपाल सरकारका अधिकारी र पत्रकारहरुको उपस्थिति थियो ।

२. कार्यक्रममा नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तवले वीर गोर्खा सैनिकको अमूल्य योगदानको स्मरण गर्दै दुवै देश र दुवै देशका सेनाबीचको अटुट सम्बन्धमा गोर्खा सैनिक बलियो कडीको रूपमा रहेको उल्लेख गर्नुभयो॥ भारतीय सेनामा रही गोर्खा सैनिकले गरेको नि:स्वार्थ सेवा र बलिदानप्रति कृतज्ञता प्रकट गर्दै वहाँले भारतीय सेनाका पेन्सनवाला र नेपालमा रहेका उनीहरुका परिवारको कल्याणका लागि भारतले काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रधान सेनापति महारथी श्री प्रभुराम शर्माले भारतका सेनाध्यक्ष एवम नेपाली सेनाका मानार्थ महारथी मनोज पाण्डे तथा भारतीय सेनाका सम्पूर्ण परिवारलाई भारतको ७६ औं सेना दिवसको शुभकामना व्यक्त गर्नुभयो । दुई देशका सेनाबीचको गहिरो सम्बन्धको चर्चा गर्दै वहाँले नेपाली सेनाको क्षमता विकासमा भारतीय सेनाले गरेको सहयोगको प्रशंसा गर्नुभयो । कार्यक्रममा भारतीय सेनाका वीरता पुरस्कार विजेता गोर्खा सैनिकलाई पनि प्रधान सेनापति शर्माले सम्मान गर्नुभयो ।

*****

काठमाडौं, नेपाल
२०८० माघ २२